# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, असार १५ गते २०४५ साल (अतिरिक्ताङ्क १४ (ख)

## भाग ३

श्री ५ को सरकार

### पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको सूचना

गुम्बा व्यवस्था तथा विकास समिति (गठन) आदेश, २०४५

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१. १. यस आदेशको नाम "गुम्बा व्यवस्था तथा विकास समिति (गठन) आदेश, २०४५" रहेको छ ।

१. २ यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

२. १ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

२.१.१ "समिति" भन्नाले दफा ३ बमोजिम गठित गुम्बा व्यवस्था तथा विकास समिति सम्झनुपर्छ ।

२.१.२ "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेशअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठन:

३.१ गुम्बा व्यवस्था तथा विकास समिति नामको एक समिति गठन गरिएको छ ।

३.२ उप-दफा ३.१ बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

३.२.१ औतारी लामा श्री कुस्योछेचु डुक्पा, बगाम छ्याङ सिन्धुपाल्चोक जिल्ला – अध्यक्ष

३.२.२ औतारी लामा श्री ङ्वाङ तेन्जिङ, तेङबोचे गुम्बा, सोलुखुम्बु जिल्ला – सदस्य

३.२.३ श्री खेन्बो टासी तेन्जिङ, छाप्तेन गुम्बा, मुस्ताङ जिल्ला – सदस्य

३.२.४ औतारी लामा श्री छेवाङ दोर्जे, चुत्र गुम्बा, जुम्ला जिल्ला – सदस्य

३.२.५ प्रतिनिधि, गृह मन्त्रालय – सदस्य

३.२.६ प्रतिनिधि, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय – सदस्य

३.२.७ प्रनितिधि, पुरातत्व विभाग – सदस्य

३.२.८ प्रतिनिधि, गुठी संस्थान, केन्द्रीय कार्यालय – सदस्य

३.२.९ श्री ५ को सरकारले तोकेको एकजना व्यक्ति – सदस्य-सचिव

३.३ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

३.४ उप-दफा ३.२.५, ३.२.६, ३.२.७ र ३.२.८ बमोजिमका सदस्यहरू बाहेक अरू सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार:

४.१. नेपाल अधिराज्यका बौद्ध गुम्बाहरूको संरक्षण र सम्बर्द्धन गर्नु समितिको कर्तव्य हुनेछ ।

४.२. उप-दफा ४.१ मा उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरू गर्नेछ:–

४.२.१ श्री ५ महाराजाधिराज सरकारबाट बक्स भएका गुम्बा र लामा सम्बन्धी निर्देशन कार्यान्वयन गर्ने,

४.२.२ नेपाल अधिराज्यका गुम्बाहरूलाई सुव्यवस्थित गर्ने नीति तर्जुमा गर्ने,

४.२.३ नेपाल अधिराज्यमा रहेका मौजूदा गुम्बाहरूको लगत लिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.२.४ गुम्बा तथा लामाहरूको माध्यमबाट राष्ट्रियताको भावना अभिवृद्धि गरी देशको विकास र निर्माणमा सघाउ पुऱ्याउने,

४.२.५ देशदर्शन कार्यक्रममा सहभागी हुने लामाहरूको नाम सम्बन्धित निकायमा सिफारिश गर्ने,

४.२.६ सार्वजनिक स्थानमा कसैले नयाँ गुम्बा निर्माण गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई गर्न लगाउने,

४.२.७ गुम्बाहरूको मर्मत, सम्भार तथा जीर्णोद्धार एवं विस्तारसम्बन्धी कार्यक्रम संचालन गर्ने,

४.२.८ समितिको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट तयार गर्ने र स्वीकृत गर्ने,

४.२.९ श्री ५ को सरकारसमक्ष आफ्नो कार्यको वार्षिक प्रतिवेदन पेश गर्ने,

४.२.१० गुम्बाहरूको संरक्षण र सम्बर्द्धन गर्ने काममा गुम्बासम्बन्धी विशेषज्ञको सेवा उपलब्ध गर्ने,

४.२.११ आवश्यकता अनुसार उप-समितिहरू गठन गर्ने,

४.२.१२ गुम्बामा भएका महत्वपूर्ण पुरातात्विक महत्वका सामान र सार्वजनिक सम्पत्तिको विवरण अद्यावधिक गरी राख्ने ।

५. समितिको बैठक र निर्णयः

५.१ समितिको बैठक साधारणतया वर्षको दुईपटक बस्नेछ ।

५.२ अध्यक्षको आदेशले आवश्यकतानुसार विशेष बैठक बस्न सक्नेछ ।

५.३ समितिको बैठकको लागि कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएपछि गणपूरक संख्या पुगेको मानिनेछ ।

५.४ समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिको गठनमा उल्लेखित क्रमानुसारका सदस्यले गर्नेछ ।

५.५ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने सदस्यले निर्णयात्मक मत दिनेछ ।

५.६ समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गराई लिखित रूपमा राख्नु पर्नेछ ।

५.७ समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

६. समितिको कोषः

६.१ समितिको एउटा कोष रहनेछ र सो कोषमा देहायबमोजिमका रकमहरू रहनेछन्ः–

६.१.१ श्री ५ को सरकारबाट अनुदानस्वरूप प्राप्त रकम,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.१.२ विदेशी संस्था वा अन्तर्राष्ट्रिय संस्थाबाट श्री ५ को सरकार मार्फत प्राप्त रकम,

६.१.३ समितिले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

६.२ समितिको सबै खर्च उप-दफा ६.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

६.३ समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखा र लेखा परीक्षण:

७.१ समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

७.२ समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

७.३ श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. अधिकार प्रत्यायोजन: समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा उप-समिति वा समितिको अधिकृत तहको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. नियमहरू बनाउन सक्ने: समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा पञ्चायत तथा स्थानीय विकास मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

११. समितिको कार्यालय:

११.१ समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

११.२ समितिका अन्य कार्यालय आवश्यकतानुसार नेपाल अधिराज्यको जुनसुकै ठाउँमा राख्न सकिनेछ ।

१२. बचाउ:

१२.१ उच्चस्तरीय गुम्बा तथा लामा व्यवस्था समितिबाट भए गरेका काम कारवाई यसै गठन आदेशबमोजिम भए गरेको मानिनेछ र सो समितिको दायित्व यो आदेश जारी भएपछि यस समितिमा सर्नेछ ।

आज्ञाले,

भक्तबहादुर कोइराला

श्री ५ को सरकारको का. मु. सचिव

२८६



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।